# स्थानीय निकाय संघमहासंघ केन्द्रीय समन्वय समिति

## (जिविस महासंघ नेपाल, नेपाल नगरपालिका संघ र गाविस राष्ट्रिय महासंघ नेपाल)

२०७२।०५।०३

## प्रेस विज्ञप्ती

समावेशी र सहभागितामूलक आधारमाा नागरिकहरूको व्यापक सहभागिताबाट स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुसार १४ चरणको प्रक्रिया पुरा गरी स्थानीय तहमा योजना तर्जुमा भइरहेको र स्थानीय स्रोत साधनले नभ्याएका योजनाहरू गाउँ, नगर तथा जिल्ला परिषद्बाट राष्ट्रिय योजनामा सम्वोधन गर्न प्राथमिकता समेत तोकि सम्वन्धित मन्त्रालयमार्फत पेश भइरहेको अवगत नै छ ।

राजनीतिक दलहरू, सरोकारवाला स्थानीय निकाय र तिनका संघ/महासंघ, विकास साझेदारहरूको लगातारको विरोधका वावजुद गत बर्षदेखि नै ससाना योजनाहरू पनि केन्द्रबाट तोक्ने कुरालाई निरूत्साहित गर्न राष्ट्रिय योजनाको दोश्रो भाग निर्धारण तथा प्रकाशन नगरी स्थानीय निकायहरूमार्फत एकमुष्ट रूपमा योजना सञ्चालन गर्ने स्थानीय स्वायत्त शासन ऐन, नियमको व्यवस्था र नेपाल सरकारको निर्णयको विपरित यस आ.व.मा पनि बिषयगत मन्त्रालयहरूबाट स्थानीय परिषदका सिफारिश र प्राथमिकतालाई वेवास्ता गर्दै पहुँचवालाहरूको व्यक्तिगत चाहना र स्वार्थ अनुसार योजना तर्जूमा कार्य भइरहेको प्रति स्थानीय निकायका तीनवटै संघ/महासंघहरूको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस खालको अभ्यासले स्थानीय स्वायत्त शासनको मूल्य मान्यता र आम जनताको चाहनाका विरूद्ध निम्नानुसार थप नकारात्मक असर सिर्जना हुनेतर्फ ध्यानाकर्षण गराउछौंः

- ✓ जनताले आफ्नो योजना आफै छनौट गर्ने, प्राथमिकता तोक्ने, आफूले गर्नसक्ने कार्य घरदैलोका स्थानीय सरकारमार्फत नै गर्ने मान्यतामा आघात पुग्न गई राज्यप्रतिको विश्वासमा कमी आउँदै जाने ।

- ✓ केन्द्रीय व्यवस्थापिका सदस्यहरूबाट निर्वाचन क्षेत्र विकास कार्यक्रम र विषयगत मन्त्रालय मार्फत स-साना स्थानीय तह (निर्वाचन क्षेत्रस्तरीय) विकासका काममा बढी केन्द्रीत भई राज्यको प्राथमिकतायुक्त नीति निर्माणका विषयमा पर्याप्त समय दिन नसक्ने ।

- ✓ नेपाल संघीय व्यवस्थाको अभ्यासको संघारमा रहेको वर्तमान अवसरमा योजना प्रक्रियाको यस खालको निर्णयले गलत अभ्यास स्थापित भई संघीयताको जग नै कमजोर हुन जाने ।

# स्थानीय निकाय संघमहासंघ केन्द्रीय समन्वय समिति

## (जिविस महासंघ नेपाल, नेपाल नगरपालिका संघ र गाविस राष्ट्रिय महासंघ नेपाल)

- ✓ लोकतन्त्रको मूल्य, मान्यता र मर्म एवम् स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनुसार परिषद्बाट स्वीकृत नभएका योजनाको छनौट गरिंदा स्थानीय तहमा अराजकता र भ्रष्टाचार बढ्ने ।

स्थानीय निकायका संघ/महासंघहरू विकेन्द्रीकरण, स्वशासन, संघीयताको भावना र मर्म विपरित केन्द्रीकृत मनसाय र व्यवहारबाट प्रेरित यस्ता गतिविधि र कार्य प्रति विरोध गर्दै आपत्ति प्रकट गर्दछौं । साथै यस्ता निर्णय यथाशीघ्र रोक्न तथा जनसहभागितामूलक योजनाहरूलाई मात्र अनुमोदन गरी नागरिकको सार्वभौम अधिकारको अभ्यासको माध्यमबाट लोकतन्त्रको संस्थागत विकासमा सहयोग पुऱ्याउने विषयतर्फ सरोकारवाला सबैको ध्यानाकर्षण सहित हार्दिक अपील गर्दछौं ।

| | | |
|---|---|---|
| महिन लिम्बु | डोरमणी पौडेल | ऋषिराज लुम्साली |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| गाविस राष्ट्रिय महासंघ नेपाल | नेपाल नगरपालिका संघ | जिविस महासंघ नेपाल |